# आठविसकोट नगरपालिका
# नगर प्रहरी सम्वन्धि विनियमावली, २०७४

**प्रस्तावना** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क.१ दिएको अधिकार प्रयोग गरी आठविसकोट नगरपालिकाले यो नगर प्रहरी सम्वन्धि विनियमावली, २०७४ बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनिमावलीको नाम "नगरपालिकाको नगर प्रहरी सम्वन्धि विनियमावली २०७४" रहेको छ ।

(२) यो विनियमावली नगरपालिकाको नगरसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः–

क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) **"नगरपालिका"** भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) **"मुख्य कार्यालय"** भन्नाले नगरपालिका रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले आठविसकोट नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ङ) **"नगर प्रहरी"** भन्नाले आठविसकोट नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) **"करार पद"** भन्नाले म्याद तोकिएको नगरपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ ।

छ) **"परिवार"** भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

ज) **"भत्ता"** भन्नाले आठविसकोट नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

झ) **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ञ) **"कार्यपालिका"** भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ट) **"सभा"** भन्नाले आठविसकोट नगरसभा सम्झनु पर्दछ ।

ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ड) **"तोकिएको" वा "तोकिए वमोजिम"** भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ढ) **"जवान"** भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ण) **"नगर प्रहरी कर्मचारी"** भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३.विनियमावलीको व्याख्या नगरपालिकाले गर्ने** : क) कुनै अधिकारीले यस विनियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरपालिका (कार्यपालिका) समक्ष निवेदन दिन सक्नेछ ।

ख) विनियम ३ (क) को सम्वन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन** : क) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगरसभाले तोके बमोजिम हुनेछ ।

**५.नगरपालिकामा रहने नगर प्रहरीको पद र तह** : नगर प्रहरीमा नगरसभाले तोकेको पद र तह रहनेछन् ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६. देहायको कार्यमा सहयोग पुऱ्याउनको लागि नगरपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछ :-**

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वय गर्ने र गराउने ।

(छ) सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने ।

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने ।

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(ण) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।
(ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।
(न) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने । (प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।
(फ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।
(ब) आठविसकोटनगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।
(भ) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।
(म) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।
(य) दमकल (Fire Brigade) सेवा र एम्बुलेन्सलाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।
(र) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।
(ल) नगरपालिकाले तोकेका भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु एवं. अन्य कार्यहरु गर्ने गराउने ।
(व) **स्थानीय विद्यालयहरुमा पठन पाठन कार्यमा सहयोग पुर्याउने ।**
(श) पर्यावरणीय कार्यमा सरीक हुनुका साथै जनचेतना मूलक कार्य गर्ने ।
(ष) स्थानीय श्रोत परीचालन मा सहयोग तथा जमीनको अधिकतम उपयोग गर्न सकृय हुने ।
(स) महिला तथा घरेलु हिंसा, कुरीती, कुसंस्कार बिरुद्ध जन चेतना संचालन गर्ने
(ह) स्थानीय सरकारको विनियोजित बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।
(क्ष) नगरपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवस्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।
(त्र) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने ।
(ज्ञ) तोकीए बमोजीम जनसेवा, सामूहिक श्रम आदिमा सरीक हुने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७. स्थायी पद श्रृजना गर्न नपाईने** : १) नगरपालिकामा रहने नगर प्रहरीको लागि स्थायी पद सिर्जना गर्न पाईने छैन ।
(२) नगरपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ ।
(३) नियम (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।
(४) नगरसभामा पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

आठबिसकोट नगरपालिका रुकुम(पश्चिम)

(५) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु : नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी वा सेवा परिवर्तन गरी पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन् :

(क) नगर प्रहरी नायव निरीक्षक
(ख) नगर प्रहरी सहायक निरीक्षक
(ग)) नगर प्रहरी जवान
(घ) नगर प्रहरी सहयोगी

**८. नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा नगरपालिको प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**९. पदपूर्ति गर्ने तरिका** : १)नगर प्रहरी नायव निरीक्षक पदमा साठी प्रतिशत र नगर प्रहरी सहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी बढुवाद्धारा करारमा पदपूर्ति गरिनेछ । २) नगर प्रहरी जवान पद र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

३) विनियम ९ को (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला ३३ प्रतिशत
(ख) आदिबासी/जनजाति २७ प्रतिशत
(ग) दलित २५ प्रतिशत
(घ) मधेसी १० प्रतिशत
(ङ) पिछडिएको क्षेत्र ५ प्रतिशत

स्पष्टीकरण : (१) यस विनियमावलीको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नालेआठविसकोट नगरपालिकाको वडा नं. १, २, ३ र ६ लाई जनाउँदछ ।।

(४) यस विनियमावलीको खण्ड क, ख, ग, घ र ङ को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(५) उपविनियम ३ वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(६) उपनियम ९ (३) वमोजिम छुट्याईएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको ।

(ख) दलितको सूचीमा स्पष्ट खुलेको दलित जाति वाहेक अन्यको हकमा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(ग) मधेशीको सूचीमा स्पष्ट खुलेको मधेशी जाति वाहेक अन्यको हकमा मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको हुनुपर्नेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्मको लागि सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(७) उपनियम ९ (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

(८) उपनियम ९ (३) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।
(९) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरीको मूख्य काममा कूल जनशक्तिको १ तिहाइ खटिने र २ तिहाइ श्रम र उत्पादन कार्यमा लाग्ने छन् ।
(१०) वहालवाला कर्मचारीले सरकारी बिदाको दिनमा मात्र नगर प्रहरी कार्यमा खटिने छन ।

(११) नगर प्रहरी पदमा **साधारणतया सुरक्षा निकायमा आवश्यक न्यूनतम योग्यता भएकालाई नियुक्ति दिइने छ । तर, स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै निम्न उम्मेदवारलाई पनि अवसर दिईनेछ :**

**क.स्थानीय सरकारको क्षेत्रमा कार्यरत कर्मचारी र शिक्षक**
**ख.स्थानीय सरकारको क्षेत्रमा रहेका सिकर्मी, डकर्मी, plumber, electrician, कृषि, बन, जडिबुटि विषयमा तालिम प्राप्त व्यक्तिहरूलाई स्वयंसेवकको रुपमा नियुक्ति गर्न सकिने छ ।**
**ग. नगरपालिकाका योग्य युवाहरु (पूर्व सुरक्षा कर्मी, पूर्व कर्मचारी, कलाकार, शिक्षक, बुद्धिजिबी आदि)**

**१०. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु** : (क) नगर प्रहरी नायब निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :
१) दरखास्त आह्वान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारीको हकमा ४० वर्ष ननाघेको ।
२) स्वीकृत विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।
५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।
६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।
७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**११. खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता :-**
क) दरखास्त आव्हान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको र वहालवाला नगर प्रहरीवा सेवा परिवर्तन गरी आउने कर्मचारीको हकमा ४५ वर्ष ननाघेको ।
ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको र
ग) अन्य विनियम १२ मा तोकिए वमोजिम हुनेछ ।

**१२. पदपूर्ति समिति** : नगरपालिकाको करारमा कर्मचारी भर्नाको लागि गठित पदपूर्ति समिति नै नगर प्रहरीहरुको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नगरपालिका स्थित प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१३.पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार** : (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) विनियम ९ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।
(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।
(ग) पदपूर्ति कार्यतालिका बनाउने ।
(घ) परीक्षाको किसिम तोक्ने ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।
(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।
(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।
(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।
(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१४. योग्यताक्रम सूची तयार गर्ने** : (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।
(२) विनियम १६ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।
(३) नियुक्तिको लागि सिफारिश भएको मितिले सात दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।
(४) विनियम १६ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१५. जेष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।
(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वत: खारेज हुनेछ ।

**१६. परीक्षणकालमा राखिने** : (१) नयाँ सेवा करारमा नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई सुरुमा पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने आधारमा बढिमा छ महिनाको सेवा करार सम्झौता गरिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार सम्झौता रद्द गर्न सक्नेछ ।

**१७.करार नियुक्ति थप** : (१) विनियम १८ (१) वमोजिमको अवधिमा नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरिनेछ र थप १ वर्षको लागि करार अवधी थप हुनेछ ।

**१८. नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा भर्ना** : (१) नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले नगरपालिकाले तोके वमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।
(२) विनियम २० (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ ।
क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको तथा नगर प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको वैशाख १ गते १६ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको ।
ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका पास गरेको ।
ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको । घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।
ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।
च) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
छ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।
ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।
झ) नेपाली नागरिक ।
ञ) महिलाको लागी घटीमा ५ फिट र पुरषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**१९.करार नियुक्ति सदर** : (१) विनियम १८ (१) वमोजिमको अवधिमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरी थप १ वर्षको करार नियुक्ति दिईनेछ ।

२) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

४) विनियम १९ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**२०. जेष्ठताक्रम कायम गर्ने** : नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५
## सरुवा तथा वढुवा

**२१. सरुवा सम्बन्धी व्यवस्था** : अधिकृतस्तरको नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ । अन्य नगर प्रहरी कर्मचारीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ । **२२. वढुवा गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा आठविसकोट नगरपालिकाले बढुवा गर्नेछ ।

**२३. वढुवाको लागि सम्भाव्य उम्मेदवार बन्ने अवधि** : (१) नगर प्रहरी हवल्दारदेखि नगर प्रहरी नायव निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा निरन्तर रुपमा तीन वर्षको सेवा करार अवधि पुगेको र अधिकृतस्तरका प्रहरी कर्मचारीको हकमा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष सेवा करार सेवा पुगेको हुनुपर्नेछ ।

(२) विनियम २३ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

ङ) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

**२४.वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधार** : नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस विनियमावली वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ । तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :

क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा

ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा

ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता

२. कार्यसम्पादन मूल्याकंन

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

३. शैक्षिक योग्यता

४. तालिम

ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले बढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

च) वढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।

छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्वितिय | तृतिय | कैफियत |
|---|---|---|---|---|
| १. हाल वहाल रहेको पदमा नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| २. आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा | ५ | ४ | ३ | |

तर (१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ ।

(ज) कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ ।

(झ) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ ।

## परिच्छेद - ६
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**२५.नगरपालिका प्रशासनको नियन्त्रण रहने** : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**२६. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने** : नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२७. कारवाही गर्दा परामर्श लिने** : कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ७
## विदा

**२८. विदा अधिकारको कुरा होइनः** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

(१) भैपरी आउने र पर्व विदा
(२) विरामी विदा
(३) किरिया विदा
(४) प्रसुती विदा
(५) प्रसुति स्याहार विदा

**२९. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने** : (१) यस विनियमावली वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपनियम (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**३०. भैपरी/पर्व विदा** :

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**३४. विरामी विदा :** (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशनसहित विरामी विदा पाउने छ ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले विरामी विदा बढिमा ९० दिनसम्म संचित गर्न सक्नेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ ।

(५) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको विरामी विदा पाउने छैन ।

**३३. किरिया विदा** : (१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

**३४. प्रसूती विदा** : (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ । साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

**३५. प्रसूती स्याहार विदा** : (१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ। यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ।

३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

**३६. सट्टा विदा** : कुनै पनि सार्वजनिक विदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ। तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन।

**३७. बिदा माग गर्ने विधि** : (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ।

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भन्ने,

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने।

**३८. विदा दिने अधिकारी:** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | नगर प्रहरी प्रमुख |
| २. विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. सट्टा विदा | प्रमुख प्रशासकीय अधिकृत |

६. यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

**३९. विदा परिणत नहुने** : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन।

**४०. सार्वजनिक विदा गाभिने** : भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ।

**४१. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

**४२. निकासा लिन नभ्याएमा** : कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ।

**४३. गयल खाली जनाउने** : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा पठाई सकेपछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने



आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**४४. भुठो कारण देखाएमा सजाय हुने** : कुनै नगर प्रहरी कर्मचारीले कुनै भुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**४५. तालिम अवधिमा विदा वस्ने वारे** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ८

## आचरण

**४६. दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**४७. चन्दा लिन नहुने** : कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**४८. स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने** : नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**४९. सम्पत्तिको विवरण दिनुपर्ने** : (१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिनभित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३. उपविनियम १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५०. व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**५१.नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**५२. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**५३.नगरपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**५४. निर्वाचनमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**५५. राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**५६. समय पालन र नियमितता** : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन । **५७. अनुशासन र आज्ञापालन** :

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**५८. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**५९. बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

**६०.सजाय** : उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने ।

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**६१. नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**६२. तलब वृद्धि वा पदोन्नति रोक्ने** : नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**६३. दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपीलकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

ख) अनुशासनहीनता गरेमा ।
ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा ।
घ) नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।
ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।
च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।
छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**६४. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।
क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा
ख) राजनीतिमा भाग लिएमा
ग) वरावर अनुशासनहीनताको काम गरेमा
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।
ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा
च) भ्रष्टाचार गरेमा
छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा
ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा
झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**६५. सजाय सम्बन्धी कार्यविधि** : (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार कार्यकारी अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस विनियमवमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।

५) उपविनियम (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत: निलम्वित हुनेछ । तर

आठबिसकोट नगरपालिका रुकुम(पश्चिम)

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**६६. सजायको आदेश दिने** : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**६७. सेवाको अन्त गर्ने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस विनियम वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदैं

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

**६८. पुनरावेदनको कार्यविधि** : (१) विनियम ६७ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

**६९. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश न्यायिक समिति वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद १०
## अवकाश, उपदान र निवृत्तिभरण

**७०. अनिवार्य अवकाश** : (१) यो विनियमावली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) नगर प्रहरी नायब निरीक्षक - ५२ वर्ष

ख) नगर प्रहरी सहायक निरीक्षक - ५१ वर्ष

ग) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान - ५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ ।

स्पष्टीकरण : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायवमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

**७१. उपदान** : नगर प्रहरी कर्मचारीले उपदान पाउने छैनन् ।

**७२. निवृत्तिभरण** : नगर प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन् ।

(२) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा एकमुष्ट राहत प्राप्त गर्ने छ :

(१) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल -सदस्य

(३) प्रतिनिधि : नगर प्रहरी प्रमुख -सदस्य सचिव

(३) उपनियम (२) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

## परिच्छेद ११
## तलब, भत्ता

**७३. तलब भत्ता** : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

**७४. टाइम स्केल:** (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यत: स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ । तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ ।

**७५. तलब वृद्धि** : देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि एग्रेट वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का । तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ ।

**७६. कायम मुकायम भई काम गरेको तलब भत्ता** : कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

## परिच्छेद १२
## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**७७. कायम मुकायम मुकरर गर्न सक्ने :** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन । तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ ।

(२) यस विनियमवमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

**७८. कायम मुकायम गर्ने अधिकारी** : (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गर्ने ।

(२) उपनियम (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ।

(३) उपनियम (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन:

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

**७९. निमित्त भई काम गर्ने व्यवस्था** : (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**८०. एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने** : कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

**८१. काम गरेको अवधिको तलब भत्ता** : (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ।

## परिच्छेद १३
## तालिम

**८२. तालिम को व्यवस्था** : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन आठविसकोट नगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ।

**८३. तालिम संचालन हुने स्थान** : नगरपालिकाले तोकिएको स्थानमा हुनेछ।

**८४. तालिमको अवधि** : नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि आठविसकोटनगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ।

**८५. तालिमको अनिवार्यता** : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुन: एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

**८६. तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**८७. प्रशिक्षार्थीले पाउने सुविधा** : (१) नगरपालिका वाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नगरपालिकाका नेपाल प्रहरीले पाए सरह राशन र भत्ता पाउने छन् ।

**८८. तालिम सफल भएमा** : देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरुकरार नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार नियुक्तिको लागि योग्य हुनेछन ।

**८९. समिति गठन हुने** : विनियम ८७ र ८८ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरवमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**९०. प्रारम्भिक पोशाक** : (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक आठविसकोट नगरपालिकाले दिनेछ ।

**९१. तालिममा सामेल गराउने संख्या** : नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन् ।

**९२. प्रशिक्षण भत्ता** : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

**९३. अतिथि प्रशिक्षकहरुको पारिश्रमिक**: नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

**९४. आन्तरिक तालिम** : एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद १४
## पोशाक

**९५. नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ ।

**९६. प्रारम्भिक पोशाक र सामान** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**९७. जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक नि:शुल्क दिइनेछ ।

**९८. सेरोमोनियल पोशाक** : अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**९९. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा** : नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भएबमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**१००. नगर प्रहरीको पोशाक सट्टा भर्ना**: नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिईनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

## परिच्छेद १५
## विविध

**१०१. विभागीय आदेश र निर्देशन** : यस विनियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय
(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय
(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय
(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय
(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**१०२. स्वयमसेवकको रुपमा नगर प्रहरी भर्ना गर्न सकिने** :-(१)नगरपालिकाले नगरपालिकाको आवश्यकता एवम् स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले प्रत्येक युवाहरुलाई अनिवार्य रुपमा जीवनमा एकपटक फौजी तालिम दिनु पर्ने मान्यता अनुसार बढीमा ६ महिनाको लागि स्वयमसेवकको रुपमा कामकाज गर्ने गरी नगर प्रहरी भर्ना गर्न सक्नेछ ।

(२) स्वयमसेवकको रुपमा नगरपालिकाले तोकेको कामकाज गर्ने गरी भर्ना गरिएका नगर प्रहरीहरुलाई निश्चित अवधि पूरा भईसकेपछि व्यवसायमा आवद्ध गरी स्वरोजगारीमूलक कार्यहरुमा लगाउन पर्यत्न गरिनेछ ।

(३) स्वयमसेवकको रुपमा भर्ना भएका नगर प्रहरीले नगरपालिकाले तोकेका कार्यहरु अनिवार्य रुपमा सम्पादन गर्नुपर्नेछ । निजहरुले दैनिक जीवनयापनको लागि आवश्यक न्यूनतम रकम बाहेकको अन्य रकम पाउने छैनन् ।

(४) स्वयमसेवक प्रहरी सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०२. पुरस्कार** : देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

(क)प्रमुख प्रशासकीय अधिकृत
(ख) प्रहरी नायब निरीक्षक

**१०३. चाडपर्व खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**१०४. अन्य सुविधा तथा व्यवस्था** : (१) आठविसकोट नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ ।

(२) कार्यरत नगर प्रहरीहरुले आठविसकोट नगरपालिकाको अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यो विनियमावली बन्नुपूर्व कर संकलकको रुपमा कार्यरत कर संकलकहरु स्वतः नगर प्रहरीमा रुपान्तरित हुनेछन् । कर संकलक पदमा कार्यरत कुनै कर्मचारी नगर प्रहरी हुन नचाहेमा निजको करार सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

**१०५. बाधा अड्काउ फुकाऊ** : आठविसकोट नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस विनियमावलीमा व्यवस्था भएको हदसम्म यसै विनियमावली बमोजिम हुनेछ । यस विनियमावलीमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ र सो

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

नियमावलीमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित कानूनमा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

**१०६. विनियमावली संशोधन** : यस विनियामवलीमा आवश्यक संशोधन आठविसकोट नगरपालिकाको नगर सभाबाट गर्न सकिनेछ ।

**नगरकार्यपालिकाबाट स्वीकृती मितिः**
मितिः २०७४/१२/२९ र ३०

**प्रमाणिकरण**
मितिः २०७५/०१/०७

आठविसकोट नगरपालिका, रूकुम(पश्चिम)